# सम्बत् २०७७ साल मङ्सिर १० गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ को मस्यौदामा लोक सेवा आयोगको परामर्श माग गर्न स्वीकृति दिने। |
| २. | अर्थ मन्त्रालय | नेपाल कृषि बजार विकास कार्यक्रम-दोस्रो चरण, प्रदेश नं. १ को लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने ९.५४ मिलियन स्वीस फ्रेंक (करिव १ अर्व २५ करोड नेपाली रुपैयाँ) अनुदान सहायता स्वीकार गर्ने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७७ साल मंसिर २२ गते हुने वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समिति र २०७७ साल मंसिर १८ र १९ गते हुने नेपाल-भारत वाणिज्य सहसचिवस्तरीय अन्तर सरकारी उपसमितिको भर्चुअल बैठकमा भाग लिने वार्ता टोली गठन गर्ने। |
| ४. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड कर्मचारी प्रशानस विनियमावली, २०७७ स्वीकृत गर्ने। |
| ५. | गृह मन्त्रालय | गैरकानूनी रुपमा नेपालमा वसोबास गरिरहेका मौरिसस नागरिक राहुल पुन्चु (Rahul Punchoo, राहदानी नं. १७६०७८२) ले बुझाउन पर्ने विलम्ब शुल्क अमेरिकी डलर ६,१६०।- र जरिवाना रु.२५,०००।- समेत मिनाहा दिने र निजलाई नेपालबाट निष्काशन गर्ने। |
| ६. | परराष्ट्र मन्त्रालय | मित्रराष्ट्र कतार सरकारले सद्भावनास्वरूप नेपाल सरकारलाई उपहार दिन लागेको तीनवटा Mercedes Benz E१८० मोडलका कारहरू परराष्ट्र मन्त्रालयले प्राप्त गरी सरकारी प्रयोजनमा प्रयोग गर्न स्वीकृति दिने। |
| ७. | रक्षा मन्त्रालय | नेपाली सेनाका लेखा महासेनानी गणेश सिंह भण्डारी तथा लेखा प्रमुख सेनानी राम बहादुर अर्यालको बढुवा गर्ने। |
| ८. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ स्वीकृत गर्ने। |
| ९. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन स्थगित गर्ने। |
| १०. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | **देहायका स्थानीय तहलाई देहायबमोजिम जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्नेः**<br>१. मुसिकोट नगरपालिका, गुल्मीको वडा नं.७, बाट प्रशासकीय भवन निर्माण प्रयोजनको लागि,<br>२. बारपाक सुलिकोट गाउँपालिका, गोरखाको वडा नं. ६,बाट क्षेत्रफल ६-१-२-२ (रोपनी) सार्वजनिक बसपार्क र वारपाक पोलिटेक्निक इन्स्टिच्युटको भवन निर्माण प्रयोजनका लागि,<br>३. चन्दननाथ नगरपालिका, जुम्लाको वडा नं.१, २, ३, ६ र ९ मा आधारभूत स्वास्थ्य चौकी निर्माण गर्ने प्रयोजनको लागि,<br>४. पालुङटार नगरपालिका, गोरखाको वडा नं.१० मा वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माण प्रयोजनको लागि,<br>५. छाँयानाथ रारा नगरपालिका, मुगुको वडा नं.२ मा प्रशासकीय भवन बिस्तार प्रयोजनको लागि। |

<table>
<tr><td>११.</td><td>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय</td><td>प्रदेश तथा स्थानीय तहमा समायोजन भएका र विभिन्न कारणले हाजिर हुन नपाएका कार्मचारीहरुलाई तलव/भत्ता प्रदान गर्न देहायबमोजिम गर्नेः-<br>क) प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तत् तत् तहमा समायोजन बमोजिम हाजिर हुन नपाएका कर्मचारीलाई २०७७ चैत्र सम्मको तलव/भत्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रदान गर्ने।<br>ख) समायोजन भएका तर स्थानीय वा प्रदेशले हाजिर नगराएका ती तहका कर्मचारीहरुको तलव भत्ता प्रदान नगर्ने ती तहका लागि प्रदान गरिएको तलव/भत्ता वापतको रकम सम्बन्धित अनुदानबाट कट्टा गर्ने।</td></tr>
<tr><td>१२.</td><td colspan="2">राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री गोकर्णमणि दुवाडीलाई नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्ने।</td></tr>
<tr><td>१३.</td><td colspan="2">राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डा. योगेन्द्रकुमार कार्कीलाई नेपाल कृषि तथा वन सेवाको समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्ने।</td></tr>
<tr><td>१४.</td><td colspan="2">राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री सुरेश आचार्यलाई नेपाल इन्जिनियरिङ्ग सेवाको समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्ने।</td></tr>
<tr><td>१५.</td><td colspan="2">ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्धन्द्ध र तराइ मधेशमा भएको आन्दोलनमा घाइते भई उपचार गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुलाई नेपाल सरकारले सरकारी अस्पतालमा निःशुल्क उपचार गराउने निर्णय गरेको छ ।</td></tr>
</table>